# महालेखा नियन्त्रकको कार्यालय

## स्थानीय तहमा लेखा समुहका कर्मचारी खटाउने मापदण्ड - २०७४

*कर्मचारी समायोजन ऐन, २०७४* बमोजिम समायोजन नभएसम्म निजामती सेवामा कार्यरत लेखा समुहका कर्मचारीलाई नेपाल सरकारबाट स्वीकृत स्थानीय तहको *संगठन संरचना तथा कर्मचारी दरबन्दी* र *स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४* का आधारमा निम्नानुसारको मापदण्ड बमोजिम स्थानीय तहमा कामकाज गर्ने गरी खटाईनेछः

१. लेखा समुहका कर्मचारीलाई स्थानीय तहमा खटाउँदा नेपाल सरकारबाट स्वीकृत स्थानीय तहको संगठन संरचना तथा कर्मचारी दरबन्दीका आधारमा स्थानीय तहका रिक्त पद र श्रेणी वा तहमा निजामती सेवाका कर्मचारीलाई खटाइनेछ ।

२. प्रकरण १ बमोजिम कर्मचारी खटाउँदा देहाय बमोजिम प्रथमिकताका आधारमा खटाइनेछः

(क) स्थानिय तहमा जान इच्छुक कर्मचारीहरुको निवेदनको आधारमा

(ख) फाजिलमा परेका कर्मचारीलाई प्राथमिकता दिइ पठाउने

(ग) कार्यरत पदको जेष्ठता(सम्वन्धित पदमा कम अवधी सेवा गरेका कर्मचारीलाई प्राथमिकता दिइ खटाइने र जेष्ठ कर्मचारीलाई छनौटको अवसर प्रदान गरिने)

(घ) हाल स्थायी बसोबास भएको ठेगाना, सो नखुलेमा नागरिकताको प्रमाणपत्र वा कर्मचारीको सिटरोलमा रहेको स्थायी ठेगाना

(ङ) माथी प्रकरण २(घ) मा भएको ठेगानाका आधारमा कर्मचारी खटाउँदा कर्मचारी उपलब्ध हुन नसकेमा अन्य गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशमा स्थायी बसोबास भएको कर्मचारीलाई खटाउन सकिने छ ।

(च) माथी प्रकरण २(घ) अनुरुप कर्मचारीको ठेगाना रहेको स्थानीय तहमा आवश्यकता भन्दा बढी कर्मचारी भएमा अन्य गाउँपालिका वा नगरपालिकामा खटाउन सकिने छ ।

छ) प्रदेश मुकाम वा जिल्ला सदरमुकाममा स्थायी ठेगाना भएका कर्मचारीलाई सो प्रदेश वा जिल्ला भित्रका कुनै पनि स्थानीय तहमा खटाउन खटाउन सकिने छ ।

ज) निजामती कर्मचारीको पती पत्नी दुबै निजामती सेवामा कार्यरत रहेको भए पती पत्नी दुबैलाई यथासंभव एकै स्थानीय तह, जिल्ला वा नजिकैको स्थानीय तहमा पायक पर्ने गरी खटाउन प्राथमिकता दिइनेछ ।

३. सामान्यतया ५५ वर्ष उमेर पुगेको कर्मचारीलाई निजको ईच्छा विपरित "क" वर्गको जिल्लामा रहेको स्थानीय तहमा खटाइने छैन ।

४. एक वर्ष भन्दा कम उमेरको शिशु भएकी महिला कर्मचारी तथा नेपाल सरकारले निर्धारण गरेका कडा रोग लागेका कर्मचारीलाई खटाउँदा निजको रूची भएको स्थानिय तहमा खटाउन प्राथमिकता दिईनेछ ।

५. कामकाज गर्न खटाइएको निर्णय भएको मितिले २१ (एक्काइस) दिन भित्र रमाना लिई बरबुझारथ समेत गरी तोकिएको कार्यालयमा हाजिर भए नभएको अनुगमन गर्ने व्यवस्था गरिनेछ । यसका लागि जिल्लास्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुगमन गर्ने र सोको जानकारी महालेखा नियन्त्रक कार्यालयलाइ नियमित रुपमा उपलव्ध गराउनु पर्नेछ ।

६. यस मापदण्ड अनुरुप कर्मचारी व्यवस्थापन गर्ने क्रममा रिक्त स्थान र छनौटका आधार समेतलाई समेटी कर्मचारीलाई स्थानीय तह छनौटको अवसर उपलव्ध गराउने गरी सार्वजनिक सूचना प्रकाशन गरिनेछ/गर्न सकिनेछ ।